गरुडा नगरपालिका

Garuda Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office of The Municipal Executive

गरुडा, रौतहट

Garuda, Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal

### स्वयंसेवक करार शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन-२०८१/०८२
(प्रथम पटक प्रकाशित मिति २०८१/०६/११ गते)

यस पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा अधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) का लागि देहाय बमोजिमको तहगत र विषयगत पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा निम्न उल्लिखित मागपद सङ्ख्यामा स्वयंसेवक करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस पालिकामा दरखास्त दिन हुन यो विज्ञापन प्रकाशित गरिएको छ।

(क) आधारभूत तह (कक्षा १-५) तर्फः

| समूह | खुला | महिला | कुल मागपद सङ्ख्या |
|---|---|---|---|
| विज्ञापन नं. | १/०८१/०८२ | २/०८१/०८२ | |
| पद संख्या | ७ | ३ | १० |

(ख) आधारभूत तह (कक्षा ६-८) तर्फः

| समूह | खुला | | | | | कुल मागपद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| विज्ञापन नं. | ३/०८१/०८२ | ४/०८१/०८२ | ५/०८१/०८२ | ६/०८१/०८२ | ७/०८१/०८२ | |
| विषय | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | |
| पद संख्या | २ | २ | २ | १ | १ | ८ |

(ग) माध्यमिक तह (कक्षा ९-१०) तर्फः

| समूह | खुला | | | | | कुल मागपद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| विज्ञापन नं. | ८/०८१/०८२ | ९/०८१/०८२ | १०/०८१/०८२ | ११/०८१/०८२ | १२/०८१/०८२ | |
| विषय | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | |
| पद संख्या | २ | १ | १ | १ | १ | ६ |

१. परीक्षाको किसिमः (क) लिखित परीक्षा (सामान्य र विषयगत)
(ख) अन्तर्वार्ता

२. लिखित परीक्षाको मिति, समय र स्थान पछि तोकिने छ।

३. अन्तर्वार्ता हुने मिति, समय र स्थान लिखित परीक्षा (सामान्य र विषयगत) को नतिजा प्रकाशन हुँदा तोकिने छ।

४. परीक्षा दस्तुरः
(क) प्राथमिक तह तर्फ रु. ५००।- र समावेशी समूहका लागि थप रु ४००।-
(ख) निम्न माध्यमिक तह तर्फ रु. ७००।- र
(ग) माध्यमिक तह तर्फ रु. १०००।- का दरले दस्तुर बुझाउनु पर्नेछ।

५. दरखास्त दिने स्थानः गरुडा नगरपालिकाको कार्यालय गरुडा, रौतहट।

६. दरखास्त दिने अन्तिम मितिः २०८१/०६/२५ गते सम्म।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

७. दोब्बर दस्तुर बुझाई दरखास्त दिने मिति: २०८१/०६/३० गतेदेखि २०८१/०७/०६ गतेसम्म । (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट समेत ।)

८. दरखास्तको माध्यम: विज्ञापन भएको पदमा पालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा दरखास्त पेश गर्नुपर्ने छ । दरखास्त पेश गर्ने विधि सम्बन्धी विस्तृत जानकारी पालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाटै प्राप्त गर्न सकिनेछ ।

९. दरखास्त दस्तुर बुझाउने बैक र फाराम भर्ने विधि :
दरखास्त दिने अन्तिम दिन भित्र ३:०० बजे सम्म गरुडा नगरपालिकाको **NIC ASIA बैंकमा रहेको आन्तरिक राजश्व खाता २४१२०५०५२५९१८००८** मा राजश्व तिरेको सक्कल रसिद र पछि सम्म फरक नपर्ने गरी उम्मेदार स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको पञ्जिका सहित कालो मसीको प्रयोग गरेर दरखास्त फाराम भर्नु पर्ने छ :

- नेपाली नगरिकताको प्रतिलिपि
- न्यूनत्तम शैक्षिक योग्यताको लाब्धाङ्क पत्रको प्रतिलिपि
- चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
- स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
- तालिमको प्रमाणपत्रको प्रतिलिपि
- अनुभव खुल्ने प्रमाण पत्र
- दुबै कान स्पष्ट देखिने गरी हालसालै खिचेको २ (दुई) प्रति पासपोर्ट सइजको फोटो

दरखास्तमा उल्लेख गरेको विवरण र पेश गरिएका कागजातहरुको आधिकारिकता सम्वन्धमा सम्वन्धित उम्मेदवार स्वयम् नै पूर्ण जवफदेही हुनुपर्ने छ । उल्लिखित विवरण एवम् कागजात झुट्टा ठहरेमा वा तोकिएको कागजात पेश नगरेमा त्यस्तो दरखास्त जुनसुकै समयमा रद्द हुनेछ ।

१०. उम्मेदवारमा हुनुपर्ने आवश्यक योग्यता:
(क) नेपाली नगरिक
(ख) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
(ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको
(घ) मगज नबिग्रेको
(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको
(च) शैक्षिक योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

- आधारभूत तह (कक्षा १-५) को हकमा कक्षा १२ उतीर्ण वा प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको
- आधारभूत तह (कक्षा ६-८) को हकमा सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको
- मा.वि तह (कक्षा ९-१०) को हकमा सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उतीर्ण गरेको

११. विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारले नेपालको सम्बन्धित निकायवाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

१२. परीक्षाको पाठ्यक्रम शिक्षा सेवा आयोगले निर्धारण गरेको पाठ्क्रम नै हुनेछ ।

१३. स्वयंसेवक करार शिक्षकको तलब भत्ता गरुडा नगरपालिका नगर कार्यपालिकाले तोके बमोजिम र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

०८१/०६/११
(मुहम्मद मुस्ताक आलम)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner